मिति : २०८२/१२/०९, कापा बैठक संख्याः १६-०८२/८३

बैठक नं. १६

आज मिति २०८२ साल चैत्र ९ गते सोमबार (ने.सं. ११४६, चौलाथ्व पञ्चमी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः दिनको ठिक १:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

मिति : २०८२/१२/०९, का.पा बैठक संख्याः १६-२०८२/८३

निर्णय प्रमाणित
माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिकाको कार्यालय
कञ्चन-३, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

<u>प्रस्तावहरु</u>

१६.१ नदीजन्य पदार्थको स्थानीय अनुगमन समितिको निर्णय अनुमोदन सम्वन्धमा,

१६.२ OTC स्थापना सम्वन्धमा,

१६.३ तरकारी संकलन तथा प्रशोधन केन्द्र निर्माण स्थल छनोट सम्वन्धमा,

१६.४ साझेदारीमा स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालन सम्वन्धमा,

१६.५ कार्यक्रमहरुको शीर्षक परिवर्तन सम्वन्धमा,

१६.६ आर्थिक सर्वेक्षण र N WASH Plan तयारी प्रकृया अगाडी बढाउने सम्वन्धमा,

१६.७ कार्यविधि स्वीकृत सम्बन्धमा,

१६.८ विविध

<u>निर्णयहरू</u>

**१६.१ नदीजन्य पदार्थको स्थानीय अनुगमन समितिको निर्णय अनुमोदन सम्वन्धमा,**

मिति २०८२।११।१७ गते गाउँपालिका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षतामा वसेको नदीजन्य पदार्थको व्यवस्थापन सम्वन्धमा गठित गाउँपालिका स्तरीय अनुगमन समितिको वैठकबाट भएको देहाय बमोजिमको निर्णयलाई अनुमोदन गर्ने -

निर्णयको व्यहोरा

मिति २०८२ साल फागुन १३ गते जिल्ला समन्वय समितिका प्रमुख, जिल्ला समन्वय अधिकारी लगायत गाउँपालिकाका अध्यक्षज्यूहरुको संयुक्त टोलिबाट कंचन नदी अन्तर्गत गोठथरी पश्चिमको क्षेत्रमा उत्खनन् गरी घाटगद्दी गरिएको नदीजन्य पदार्थको अनुगमन भएको तथा प्राविधिकबाट उक्त घाटगद्दीमा राखिएको नदीजन्य पदार्थको नापजाँच भई नापजाँच प्रतिवेदन पेश भएको तथा प्राविधिकबाट पेश भएको प्रतिवेदनबाट उत्खनन गरी घाटगद्दी गरिएको नदीजन्य पदार्थको परिमाण ३८९१९४.८८(तीन लाख उनानव्वे हजार एक सय चौरानव्वे दशमलव अठासी) घन फुट भएको देखिएकोले सम्झौता बमोजिम घाटगद्दी गरिएको उक्त परिमाण बराबरको नदीजन्य पदार्थ (भस्कट) आयोजना स्थल सम्म ढुवानी तथा ओसार पसार गर्न अनुमती दिने साथै यस निर्णयलाई आगामी कार्यपालिका वैठकमा पेश गरी अनुमोदन गराउने ।

**१६.२ OTC स्थापना सम्वन्धमा,**

हाल यस गाउँपालिका अन्तर्गत ३ वटा स्वास्थ्य संस्थामा मात्र **OTC** बाट सेवा प्रवाह हुँदै आएकोमा भौगोलिक विविधता तथा यातायातको अभावमा अर्को वडामा गई कुपोषित बच्चाहरुलाई **OTC** मा भर्ना गरी सेवा लिन समस्या देखिएकोले आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. १ लौसा र आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. ५ भैसाहीमा सेवा प्रवाहको लागि आधारभुत न्यूनतम मापदण्ड बमोजिमका सामाग्रीहरु समेत उपलब्ध भएकोले उक्त दुवै स्वास्थ्य संस्थाहरुमा समेत **OTC** स्थापना गर्ने ।

नवराज ढकाल
गा. पा. अध्यक्ष

निर्णय प्रमाणित

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८२/१२/०९, का.पा बैठक संख्याः १६-२०८२/८३

१६.३ तरकारी संकलन तथा प्रशोधन केन्द्र निर्माण स्थल छनोट सम्वन्धमा,

हाल कंचन गाउँपालिका र हेफर इन्टरनेशनलको आर्थिक तथा प्राविधिक साझेदारीमा यस कंचन गाउँपालिकामा संचालित तरकारी मुल्य श्रृंखला परियोजनाको सम्झौता बमोजिम गाउँपालिकाको लागतमा निर्माण हुने तरकारी संकलन तथा प्रशोधन केन्द्रको निर्माण पश्चात् सो केन्द्रको सम्पूर्ण स्वामित्व गाउँपालिकामा रहने गरी वडा नं २ स्थित गजेडी हाटवजार परिसरमा तरकारी संकलन तथा प्रशोधन केन्द्रको अस्थायी संरचना निर्माण गर्ने गरी निर्माणको आवश्यक प्रकृया अगाडी बढाउने ।

१६.४ साझेदारीमा स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालन सम्वन्धमा,

आ.व. २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत विभिन्न संघ संस्थाको लागत सहभागितामा स्वास्थ्य सम्बन्धी कार्यक्रममा रू. ३ लाख बजेट विनियोजन भएकोमा उक्त कार्यक्रमबाट सम्बन्धित क्षेत्रमा काम गर्ने संघ संस्थाहरूबाट न्यूनतम २५ प्रतिशत लागत साझेदारी रहने गरी सामुदायिक विद्यालयहरूका रेडक्रस फोकल शिक्षकहरूका लागि प्राथमिक उपचार सम्बन्धी तालिम तथा मुटु रोगको विशेषज्ञ शिविर सञ्चालन गर्ने साथै उक्त कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित संस्थाहरूबाट ७ दिने सूचना जारी गरी प्रस्ताव माग गर्ने ।

१६.५ कार्यक्रमहरुको शीर्षक परिवर्तन सम्वन्धमा,

कञ्चन गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरू तपसिल बमोजिम कार्यान्वयन गर्ने-

देहाय

| क्र.सं. | शीर्षक | कार्यान्वयन गर्ने कार्यक्रम | बजेट रू. |
|---|---|---|---|
| १ | एक आमा समूह एक लघु उद्यम कार्यक्रम (२२५१२ पृष्ठ ७४ सि.नं. ४९) | सीपमूलक तालिम लिएका महिलाहरूका लागि पुनर्ताजगी तथा उत्प्रेरणामूलक तालिम कार्यक्रम | ४०००००/- |
| २ | दलित समूदायका लागि एडभान्स सिलाई कटाई तालिम तथा प्रविधि हस्तान्तरण (२२५१२ पृष्ठ ७५ सि.नं. ५३) | आधारभूत सीप हासिल गरेका दलित महिलाहरूका लागि एडभान्स सिलाई कटाई तालिम कार्यक्रम | ३५०००० |
| ३ | अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा विविध कार्यक्रम (२२५२१ पृष्ठ ७७ सि.नं. ६८) | दर्ता भएका आमा समूहका लागि मोटिभेसनल कार्यक्रम | १०००००/- |

१६.६ आर्थिक सर्वेक्षण र **N WASH Plan** तयारी प्रकृया अगाडी बढाउने सम्वन्धमा,

कञ्चन गाउँपालिकाको आर्थिक सर्वेक्षण र N Wash Plan निर्माणका लागि गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रमबाट बजेट विनियोजन भएकोमा आर्थिक सर्वेक्षण र N Wash Plan निर्माण कार्य प्रक्रिया अगाडी बढाउने ।

निर्णय प्रमाणित

मिति : २०८२/१२/०९, का.पा बैठक संख्याः १६-२०८२/८३

१६.७ कार्यविधि स्वीकृत सम्बन्धमा,

कञ्चन गाउँपालिकाको सम्बन्धि शाखाहरुबाट तयार भई पेश भएका देहायका कार्यविधिहरु माथि छलफल गरी आवश्यक संशोधन सहित स्वीकृत गर्ने -

क. कञ्चन गाउँपालिकाको "कृषकहरुका लागी यान्त्रिकरण अनुदान कार्यक्रम (५० प्रतिशत अनुदानमा) साना तथा ठुला व्यवसायिक कृषक समेत" संचालन कार्यविधि, २०८२,

ख. कञ्चन गाउँपालिकाको किसान सेवा कार्ड वितरण एवं सुविधा उपलब्धता सम्बन्धी कार्यविधि, २०८२

१६.८ विविध

१६.९.१. मिति २०८३ वैशाख २ गतेदेखि २०८३ आषाढ ७ गतेसम्म राष्ट्रिय आर्थिक गणना २०८२ को स्थलगत तथ्याङ्क संकलन कार्य शुरू हुने भएकोले राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२ को दफा १७ अनुसार देहाय बमोजिमको स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने

देहाय

| | |
|---|---|
| • श्री नवराज ढकाल (गाउँपालिका अध्यक्ष) | संयोजक |
| • श्री मौसमी थापा मगर (गाउँपालिका उपाध्यक्ष) | सदस्य |
| • वाणिज्य व्यापार संघ संस्थाका प्रतिनिधि ३ जना | सदस्य |
| • सुरक्षा प्रतिनिधि | सदस्य |
| • प्रमुख प्रशासकीय अधिकृत वा संयोजकले तोकेको व्यक्ति | सदस्य सचिव |

उल्लिखित समितिमा वाणिज्य व्यापार संघ संस्थाका प्रतिनिधिको तर्फबाट ३ जना सदस्यहरूमध्ये हाललाई श्री शशीधर सापकोटा रहने र बाँकी २ जनाको हकमा पछि मनोनित हुने र सुरक्षा प्रतिनिधिको तर्फबाट इलाका प्रहरी कार्यालय रूद्रपुरका प्रहरी प्रमुख रहने ।

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट सोह्रौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्य